**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**

**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

**सङ्क्षिप्त आदेश**

**०८३-WH-००३१**

जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. ४ सानेपास्थित जनआस्था प्रकाशन प्रा.लि. को अध्यक्ष जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. ३ बस्ने किशोर श्रेष्ठको तर्फबाट निजको श्रीमती सरस्वती श्रेष्ठ.........................................................................१ } निवेदक

विरुद्ध

काठमाडौं जिल्ला अदालत,बबरमहल काठमाडौं.................................१ } विपक्षी
जिल्ला प्रहरी परिसर, भद्रकाली, काठमाडौं ...................................१

विषयः बन्दीप्रत्यक्षीकरण।

१. नेपालको संविधानको धारा ४६ र धारा १३३ को उपधारा (२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनमा अनुसन्धान मिसिल सहितको संलग्न कागजातहरूको अध्ययन गरियो।

२. निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शम्भु थापा, श्री शेरबहादुर केसी, श्री अग्नी खरेल, श्री सतिसकृष्ण खरेल, श्री दिनेश त्रिपाठी, श्री रामनारायण बिंडारी, श्री गोविन्दप्रसाद शर्मा बन्दी, श्री अमर थापा, श्री विजयप्रसाद मिश्र, श्री भोजराज आचार्य र श्री ललिबहादुर बस्नेत तथा र विद्वान् अधिवक्ताहरू श्री नरेश श्रेष्ठ, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री विशाल थापा, श्री रामप्रसाद पुडाशैनी, श्री अनन्तराज लुइँटेल, श्री सीताराम घले, श्री भक्तिराम घिमिरे, श्री कल्पना शर्मा, श्री

राजेन्द्र घिमिरे, डा. श्री प्रेमराज सिलवाल, श्री विकास भट्टराई, श्री अर्जुनबहादुर खड्का, श्री बद्रीप्रसाद भुसाल, श्री कृष्णकुमार आङदेम्बे, श्री प्रकृति खड्का, श्री यज्ञराज उप्रेती, श्री अपेक्षा कोइराला, श्री सन्तोष भन्डारी, श्री शिक्षा रसाइली, श्री राम पण्डित, श्री टिका बहादुर कुवँर, श्री चुडामणि पौडेल, श्री गीता भण्डारी, श्री कृष्णप्रसाद भट्टराई र श्री नीता भट्टराईले गर्नुभएको बहस सुनियो।

३. प्रत्यर्थी जिल्ला प्रहरी परिसर काठमाडौंसमेतको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायधिवक्ता श्री सञ्जीवराज रेग्मी, श्री खेमराज ज्ञवाली र श्री उद्धवप्रसाद पुडासैनी, विद्वान् सहन्यायाधिवक्ता श्री मोहनसागर बस्याल र विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पङ्गेनीले गर्नुभएको बहस सुनियो।

४. यसमा, म निवेदक किशोर श्रेष्ठलाई मिति २०८३।०४।२५ को जनआस्था अनलाइन पत्रिकामा छापिएको तस्विर तथा समाचारको सन्दर्भलाई लिएर मिति २०८३।०४।२७ गते साँझ प्रहरीले पक्राउ गरी हाल जिल्ला प्रहरी परिसर, भद्रकाली काठमाडौंमा थुनामा राखिएको छ। परिवर्तित नाम २६ परिसर (६) ०८३/८४ को जाहेरीले वादी नेपाल सरकार भएको वैयक्तिक गोपनियतासम्बन्धी कसूरमा जाहेरी परेको भनी मलाई पक्राउ पुर्जी दिइएको छ। जाहेरीमा उल्लिखित उक्त तस्बिर निज जाहेरवालाकै फेसबुक वालबाट साभार गरिएको हो। म जनआस्था प्रकाशन प्रा.लि.को अध्यक्ष हुँ। समाचार प्रकाशित गरिएको जनआस्थाको अनलाइनसँग असम्बन्धित व्यक्ति हुँ। जाहेरवालाले फेसबुकवालमा सार्वजनिक गरेको तस्बिरलाई सञ्चार माध्यमले प्रकाशन गरेको कार्यबाट गोपनियताको हकको उल्लङ्घन भएको मानिँदैन। वैयक्तिक गोपनियताको हक हनन हुने गरी समाचारहरू प्रकाशन भएको अवस्थामा गुनासो गर्ने नियामक निकाय प्रेस काउन्सिल हुँदाहुँदै ती निकायमा उजुरी नगरी दर्ता गरिएको जाहेरीका आधारमा थुनामा राखेको कार्य नेपालको संविधानको धारा १६, १७, १८, १९(३) ४२ र ४८ समेतबाट प्रत्याभूत गरिएका हकको विपरीत भएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरी पाऊँ। साथै जनआस्थाको कार्यालयबाट मिति २०८३।०४।२७ र २८ मा बरामद गरिएका ६ वटा CPU, कम्प्युटर, मोबाइल, ल्यापटप र आइप्याडसमेत फिर्ता दिलाई

पाऊँ भन्नेसमेत बहोराको रिट निवेदन मागदाबी रहेको देखिन्छ।

५. प्रतिवादी किशोर श्रेष्ठ अध्यक्ष रहेको जनआस्था पत्रिका तथा अनलाइन पत्रिकामा जाहेरवालालाई पुरुषसँग चुम्बन गरेको देखाई जोडेको फोटो प्रकाशन गरेकाले जाहेरवालाको चरित्र हत्या हुने गरी गोपनियता विपरीतको कसूर गरेको हुँदा निजलाई वैयक्तिक गोपनियता सम्बन्धी ऐन,२०७५ समेतको कसूर गरेको भनी जिल्ला प्रहरी परिसर, काठमाडौंमा परेको परिवर्तित नाम २६ परिसर (६) ०८३/८४ को जाहेरीका आधारमा सक्षम अदालतबाट रीतपूर्वक प्रक्राउ अनुमति लिई पक्राउ पुर्जी जारी गरी पक्राउ गरी निजलाई कानुनबमोजिम थुनामा राखेको र निजको म्याद थप समेत भइसकेको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेज गरी पाऊँ भन्ने लिखितजवाफ बेहोरा देखिन्छ।

६. नेपालको संविधानको प्रस्तावनाले बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मौलिक अधिकार, मानव अधिकार र कानूनी शासनको मान्यता अनुरूप **"पूर्ण प्रेस स्वतन्त्रता"** लाई संविधानको आधारभूत चरित्रका रूपमा परिभाषित गरेको पाइन्छ। सो अनुरूप नै संविधानको धारा १९(१) ले **सञ्चारको हक** अन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्ने वा सूचना प्रवाह गर्ने हक प्रदान गर्नुको साथै प्रकाशनमा पूर्व प्रतिबन्ध नलगाइने, ऐ. उपधारा (२) मा कुनै श्रव्य, श्रव्यदृश्य, वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने र ऐ. उपधारा (३) मा कानूनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिभिजन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन भनी सञ्चार संस्थाको समाचार प्रकाशन प्रसारण गर्ने हकलाई मौलिकहकका रूपमा संरक्षण प्रदान गरेको पाइन्छ। साथै, छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन,२०४८ लगायतका प्रचलित

कानूनले उक्त हकलाई प्रचलनयोग्य बनाएको देखिन्छ।

७. उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाको रोहमा सञ्चार माध्यममा समाचार प्रकाशित गरेकै आधारमा पत्रिकाका सम्पादक वा प्रकाशकलाई गिरफ्तार गरी थुनामा राख्न मिल्ने अवस्थाको विद्यमानता देखिँदैन। तथापि नेपालको संविधानले प्रत्याभूत गरेको प्रकाशन तथा प्रसारणसम्बन्धी उल्लिखित हक निरपेक्ष र सीमाविहिन देखिँदैन। गाली बेइज्जती अदालतको अवहेलना वा सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूलको कार्य लगायतको संविधानले तोकेको विभिन्न आधार र अवस्थामा राज्यले कानून बनाई उक्त हकमा मनासिव प्रतिबन्ध लगाउन सक्ने नै देखिन्छ। यस सन्दर्भमा जाहेरवाला २६ परिसर (६) ०८३/८४ ले यी निवेदकले आफ्नो चरित्र हत्या हुने गरी नेपालको संविधानको धारा २८ एवम् वैयक्तिक गोपनियतासम्बन्धी ऐन,२०७५ ले प्रत्याभूत गरेको गोपनियताको हकको उल्लङ्घन गरी तस्बिर एवम् समाचार प्रकाशित गरी वैयक्तिक गोपनियता विरूद्धको कसूर गरेको भनी जाहेरी दिएको सन्दर्भमा सञ्चार संस्थाको समाचार प्रकाशन सम्बन्धी हक र वैयक्तिक गोपनियताको हकको दायरा एवम् सीमा के कति हुने भन्ने स्पष्ट रूपमा परिभाषित हुनुपर्ने देखिन्छ। यस अवस्थामा जनआस्था अनलाइन पोर्टलमा प्रकाशित समाचारले जाहेरवालाको वैयक्तिक गोपनियताको हक उल्लङ्घन भए नभएको सम्बन्धमा मुद्दामा अनुसन्धान तहकिकात गरी साधिकार अदातलमा मुद्दा दायर गरेमा सोही बखत सोही मुद्दाको रोहबाट निर्क्योंल हुनुपर्ने देखिएकाले प्रस्तुत निवेदनबाट बोल्न मिलेन। निवेदकका विरुद्ध परेको जाहेरीमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिम काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई निजलाई पक्राउ गरी ऐ. दफा १४ बमोजिम म्याद थपसमेत गरेको देखिएको सन्दर्भमा निवेदकको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन।

८. तथापि जाहेरी दरखास्तमा उल्लिखित तस्बिर जाहेरवाला आफैले सामाजिक सञ्जाल फेसबुकमा प्रविष्ट गरेको भन्ने देखिएकोमा उक्त तथ्यलाई विपक्षीले लिखित जवाफमा अन्यथा खण्डन गर्न सकेको देखिएन। साथै, निवेदक किशोर श्रेष्ठ जनआस्था पत्रिकाको सम्पादक देखिए तापनि निज समाचार प्रकाशित भएको जनआस्था अनलाइन पोर्टलको सम्पादकीय भूमिकामा निज रहेको नदेखिँदा निवेदकलाई थुनामै राखी मुद्दाको तहकीकात अनुसन्धान गर्नुपर्ने सम्मको अवस्थाको विद्यमानता नदेखिएकाले अनुसन्धान तहकीकात गर्नुपर्ने भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १५ बमोजिम निवेदकलाई हाजिर जमानीमा छाडी वा तारिखमा राखी मुद्दाको अनुसन्धान गर्नू भनी विपक्षी मध्येका जिल्ला प्रहरी परिसर, काठमाडौंको नाउँमा परमादेश जारी हुने ठहर्छ। सोबमोजिम गरेको जनाउ यस अदालतलाई दिनू।

९. साथै, निवेदक सञ्चार संस्थासँग सम्बद्ध व्यक्ति रहेको देखिएको र नेपालको संविधानको धारा १९ को उपधारा (२) र (३) ले सञ्चार माध्यमका सञ्चार सामग्री जफत नगरिने एवम् सञ्चार माध्यम अवरूद्ध नगरिने लगायतका सञ्चारको हकको सुनिश्चित गरेकाले निवेदकको घर एवम् कार्यालयबाट मिति २०८३।०४।२७ र मिति २०८३।०४।२८ मा बरामद गरी नियन्त्रणमा लिइएका बरामदी मुचुल्कामा उल्लिखित आज यस इजलास समक्ष पेस हुन आएका सम्पूर्ण सामग्रीहरू यस अदालतको सहरजिष्ट्रारको रोहबरमा निवेदक सरस्वती श्रेष्ठलाई फिर्ता दिलाई सोको निस्सा मिसिल सामेल राख्नू।

१०. आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने हुनाले यो सङ्क्षिप्त आदेश तयार गरिएको छ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८३ भदौ महिना १ गते रोज २ शुभम् -------------------------।